४२ औं

आज मिति २०७४।१२।२ गते का दिन पाटन नगरपालिका पाटन बैतडीका नगर प्रमुख श्री केशब बहादुर चन्द ज्यू को अध्यक्षतामा नगर कार्यपालिका को ४२ औं बैठक तपसिल बमोजिम को उपस्थितिमा बसी देहायका बिषयमा छलफल गरियो।

तपसिल:

| | | |
|---|---|---|
| श्री केशब बहादुर चन्द | नगर प्रमुख | |
| श्री सरस्वती कोली | नगर उपप्रमुख | |
| श्री गणेश प्रसाद भट्टराई | वडा अध्यक्ष पाटन | १ |
| श्री महेन्द्र प्रसाद पन्त | वडा अध्यक्ष पाटन | २ |
| श्री फतेन्द्र सिंह बिष्ट | " " | ३ |
| श्री दिपक सिंह बिष्ट | " " | ४ |
| श्री फूली बोहरा | " " | ५ |
| श्री राजेन्द्र सिंह बिष्ट | " " | ६ |
| श्री ललित ब. चन्द | " " | ७ |
| श्री पृथ्वीराज पन्त | " " | ८ |
| श्री लोक ब. भण्डारी | " " | ९ |
| श्री देवेन्द्र कुवेर | " " | १० |
| श्री मनिराम लुहार | कार्यपालिका सदस्य | |
| श्री लालीराम लुहार | " " | |
| श्री पद्मा बिष्ट | " " | |
| श्री सुनिता ओड | " " | |
| श्री बसन्ती ठगुन्ना | " " | |
| श्री बलदेव राम लुहार | " " | |
| श्री सुनिता भट्ट | " " | |
| श्री बिमला सार्की | " " | |
| श्री दीपक प्रसाद पन्त | नि. प्रमुख प्रशासकिय अधिकृत | |

प्रस्ताव हरू:-

१. ना.सु. बिर सिंह महता लाई फिर्ती पठाउने सम्बन्धमा।
२. उपचार खर्च सम्बन्धमा।
३. कार्यविधि सम्बन्धमा।
४. नेपाल सरकार अर्थ मन्त्रालय को समपूरक अनुदान सम्बन्धमा।
५. योजना सम्झौता को म्याद थप सम्बन्धमा।
६. शिक्षा तर्फ को सशर्त अनुदान बाडफाँड सम्बन्धमा।
७. रकमान्तर सम्बन्धमा
८. आर्थिक सहयोग सम्बन्धमा।
९. उपचार खर्च सम्बन्धमा।
१०. बिदाई सम्बन्धमा
११. स्रोत प्रस्ताव सम्बन्धमा
१२. कानुनी पुस्तकालय सम्बन्धमा।

निर्णयहरु:-

निर्णय नं १:- प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला समन्वय समिति को चलानी नम्बर १८० मिति २०७८।८।१६ को प्राप्त पत्रानुसार ता.मु. बिर सिंह महता लाई यस पाटन नगरपालिका मा हाजिर हुन पठाएकोमा हाजिर गराई पाटन नगर कार्यपालिका को मिति २०७८।११।११ गतेको कार्यपालिका बैठकमा निजको विषयमा शिवनाथ गाउँ कार्यपालिकामा सन्तोषजनक कार्य नगरी फिर्ता पठाएको विषयमा छलफल भएकोले उक्त विषयमा ता.मु. बिर सिंह महताको सम्बन्धमा जवाफ मागेकाले शिवनाथ गाउँपालिकाले वारचित बुझाई जवाफ (जिल्ला समन्वय समिति) बैठकमा फिर्ता नआएकोले निज लाई जिल्ला समन्वय समिति पठाउने निर्णय गरियो।

निर्णय नं.२ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा पाटन नगरपालिका पाटन न.पा. नगरकार्यपालिकाको मिति २०७८।११।१८ गतेको बैठकमा कार्यपालिकाको वडा नम्बर ५ का वडा अध्यक्ष श्री फुलि बोहराले कार्यपालिकाको बैठकमा आफुखुसी अन्य विषयमा छलफल भैरहेको अवस्थामा उपचार खर्च विपत व्यवस्थापन शिर्षकबाट रु २,००,०००/- अक्षरेपी रु दुई लाख मात्र उपलब्ध गराउने निर्णय कार्यपालिकामा छलफल नै नगराई कार्यपालिका बैठकका सदस्य सचिव का सहयोगी स्वास्थ्य सह संयोजक श्री बिर सिंह रावतीको अज्ञानतावश निर्णय लेखिएको हुँदा आजको बैठक बाट उक्त निर्णय बदर गर्ने निर्णय सर्वसम्मत पारित गरीयो।

निर्णय नं.३ प्रस्ताव नं ३ माथि छलफल गर्दा यस पाटन नगरपालिका नगरकार्यपालिका का पदाधिकारी तथा नगर सभाका सदस्य हरुको उपचार/राहत सहयोग सम्बन्धमा कार्यविधी निर्माण गरी विधेयक समिति लाई जिम्मा दिई कार्यपालिका मा पेश गर्ने निर्णय पारित गरियो।

निर्णय नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार अर्थ मन्त्रालय ले जारी गरेको समपूरक अनुदान कार्यविधी २०७८ अनुसार यस पाटन नगर कार्यपालिका ले माग गरेको योजनाहरुमा रु १ करोड ३१ लाख ५६ हजार मात्र (भा.इ. अनुदान उपलब्ध हुने मन्त्रालयको मिति २०७८।११।०७ गतेको प्राप्त पत्रअनुसार को रकमको यस पाटन नगरपालिका अन्तरगत लोरवा सकार कैलपाल सडक पाटन १ र हरिचन गैलेश्वर सडक स्तरोन्नती वडा कार्यालय सम्म पाटन ०३ लाई निर्माण गर्ने गरी अर्थ मन्त्रालय सिंहदरबार लाई यस पाटन नगरपालिका को समपुरक कोषमा रहेको

संचित रकम ७० लाख थप गरी बाँकी ६०% रकम लाई आगामी आर्थिक वर्ष २०७६।७७ मा सुनिश्चितता गरी बहुवर्षिय ठेक्का प्रक्रिया अगाडी बढाई दुई वटै सडकको डि.पि. आर तयारी गरी निर्माण प्रक्रिया अगाडी बढाई अर्थ मन्त्रालय लाई बजेट सुनिश्चितताको निर्णय प्रतिलिपी पठाई कोष तथा लेखा नियन्त्रक कार्यालय बैतडी लाई किस्ता मात्र गरी बजेट कार्यान्वयन गर्ने निर्णय सर्वसम्मती बाट पारित गरीयो।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत / लेखा अधिकृत र लेखापाल को कर्मचारी समायोजन ऐन बमोजिम समायोजन भई निजहरुको यस नगरपालिकाबाट अन्यत्र सरुवा भएकोले उपभोक्ता समिती मार्फत संचालन भैरहेका योजना तथा कार्यक्रम हरु संचालन गर्न ढिलाई भएकोले योजनाहरु को म्याद २०७६ जेठ मसान्त सम्म थप गर्ने निर्णय गरीयो।

~~निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा नेपाल सरकारको आर्थिक वर्ष ०७५।७६ को शिक्षा तर्फ सशर्त अनुदान तपसिल बमोजिम को शिर्षक बमोजिम निम्न अनुसार विद्यालय छनौट गरी बाँडफाँड गर्ने निर्णय गरीयो।~~

~~विद्यालय क्षेत्र सुधार कार्यक्रम माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सीड किताब खरिद तथा ई पुस्तकालय) समेत शैक्षिक कार्यक्रम तपशिल बमोजिम विद्यालय छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो।~~

बजेट अनुदान रकम

निर्णय नं. ६ :- प्रस्ताव नम्बर ६ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०७५।७६ को नेपाल सरकार शिक्षा तर्फको सशर्त अनुदान आगामी बैठकमा छलफल गरी बाँडफाँड गर्ने निर्णय गरियो।

निर्णय नं. ७ :- प्रस्ताव नम्बर ७ माथि आवश्यक छलफल गर्दा आ.व. ०७५।७६ को नगरसभाबाट आमबाटा - तिमले सडक मा विनियोजित रकम रु ३,००,०००। अक्षरेपी ३ तिन लाख मा तपसिल बमोजिम का योजनाहरु मा विनियोजित गरेको रकम उक्त सडक मा रकमान्तर गरी जम्मा रकम रु ६,८०,००० विनियोजन गर्ने निर्णय गरियो।

Date: ________ Page: ______

तपसिल: १) तिमले सिचाइ योजना रु १,००,०००/-
२) आमबारा - कुवको जोड्ने अधुरो बाटो निर्माण ५०,०००/-
३) आमबारा - कुवको थोरेडी बाटो - रु १,००,०००/-
४) तिमले देखी वाराघर जोड्ने बाटो १,००,०००/-
जम्मा ३,५०,०००/-

साथै मिमहला पोलिटेक्नीक इन्स्टिच्युट द्वारा सिलाई कटाई तालिम सञ्चालन गर्ने तपसिलका योजनाहरुको रकम रकमान्तर गरी तालिम सञ्चालन का लागी गर्ने निर्णय गरियो।

तपसिल:- १) कृत्रिम गर्भाधानका लागी पशु प्राविधिक तालिम ५०,०००
२) भैसिमा लाग्ने खटी रोग कोबाला कृषकहरुलाई अभिमुखीकरण रु ३०,०००
३) न्यून आय भएका दलित परिवारलाई आय वा सीप वृद्धि वा आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रम रु ३०,०००
४) जल उत्पन्न प्रकोप नियन्त्रण जलवायु परिवर्तन विपत सम्बन्धि नाटक रु १३,०००
५) जल उत्पन्न प्रकोप नियन्त्रण जलवायु परिवर्तन विपत सम्बन्धी रेडियो कार्यक्रम रु १२,०००
जम्मा - १,३५,०००/- रकम आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय पारित गरियो।

निर्णय नं ८:- प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०७८ साल फागुन २४ गतेका दिन पाटन नगरपालिका वडा नं २ बस्ने मिमहला पोलिटेक्नीक मा अध्ययनरत पूर्णानन्द पाण्डेय को बजार बाटोमा हिंडिरहेको अवस्थामा गाडीले किचेर मृत्यु भएकोले निज को आश्रित परिवारलाई क्रिया खर्च बापत विपत व्यवस्थापन कोषबाट राहत स्वरुप रु २५०००/- अक्षरेपी रु पच्चीस हजार मात्र, मिति २०७८ साल चैत १ गते पा.न.पा ४ बस्ने हरदेव महरा को करवबाट लडेर मृत्यु भएकोले आश्रित परिवारलाई क्रिया खर्च बापत विपत व्यवस्थापन कोष बाट रु २५,०००/- (अक्षरेपी रु पच्चीस हजार मात्र) र पा.न.पा. ६ का प्रजापति बिष्ट मृत अवस्थामा फेला परेकोले निजको आश्रित परिवारलाई क्रियाखर्च बापत विपत व्यवस्थापन कोष बाट २५,०००/- अक्षरेपी रु पच्चीस हजार मात्र उपलब्ध गराउने निर्णय गरियो।

[signature]

निर्णय नं ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७८साल फागुन २८ गते का दिन पाटन मा भएको प्रहरी संग झडप मा परी घाइते भएका ~~[illegible]~~ विद्यार्थी तथा अन्यको उपचार खर्च बापत रु २०,०००/- अक्षरेपी (रु बीस हजार मात्र) नबढ्ने गरी विपत् व्यवस्थापन कोष बाट उपलब्ध गराउने निर्णय गरियो। साथै पाटन नगरकार्यपालिका का सदस्य श्री मनिराम लुहार की श्रीमती करणी वि.क. क्यान्सर रोगले निधन भएको हुँदा सदस्य श्री मनिराम लुहार लाई विपत् व्यवस्थापन कोषबाट क्रिया खर्च बापत रु२५०००/- अक्षरेपी रु पच्चीस हजार मात्र उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं १० :- प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा कर्मचारी समायोजन ऐन बमोजिम संघ र प्रदेशहरुमा समायोजन भएका प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीहरुको मिति २०७८।१२।३ गते बिदाई गर्ने निर्णय गरियो।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा यस नगरपालिका नगरकार्यपालिका का सदस्य श्री मनिराम लुहार की श्रीमती को क्यान्सर रोग का कारणले असामयिक निधन भएकोले शोक संतप्त परिवारप्रति हार्दिक संवेदना प्रकट गर्ने निर्णय गरियो।

निर्णय नं.१२ :- प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा मालुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत को डि.जि. ट्रस पुल लाई सम्झौता बमोजिम भुक्तानी गर्नुपर्ने रकम रु १,२६,८२१.४२ पैसा र गाग्रा मालुङ्गे पुल लाई भुक्तानी गर्नुपर्ने रु ०६,३४८.६२/- मात्र समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।